# चाँगुनारायण नगरपालिकाको

## आर्थिक वर्ष २०८३/०८४

## को बजेट वक्तव्य

## चाँगुनारायण नगरपालिका

खरिपाटी, भक्तपुर

बागमती प्रदेश

नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**आदरणीय सम्पुर्ण नगरसभा सदस्यज्यूहरु,**

चाँगुनारायण नगरपालिकाको आज मिति २०८३ साल असार १० गते शुभारम्भ भएको नगरसभाको अठारौं अधिवेशनको पहिलो बैठकमा हार्दिक स्वागत गर्न चाहन्छु।

नेपालमा विभिन्न कालखण्डमा राजनीतिक तथा सामाजिक/साँस्कृतिक परिवर्तन एवं संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु तथा भदौ २३/२४ गते भएको जेन्जी आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने नवजवान युवा शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा घाइते भएका योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधानले निर्देश गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था मार्फत् समाजवाद उन्मूख अर्थतन्त्र निर्माण गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नका साथै चाँगुनारायण नगरपालिकाको दूरदृष्टि "कृषि, पर्यटन र सामाजिक पूर्वाधारः समृद्ध चाँगुनारायणको मूल आधार" मा आधारित भई नेपाल सरकार तथा बागमती प्रदेश सरकारका विभिन्न मार्गदर्शन एवं नगरपालिकाको प्रथम पञ्चबर्षीय आवधिक योजना समेतलाई आत्मसात गर्दै पारित भएको चाँगुनारायण नगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम बमोजिम आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष पेश गर्ने अनुमति चाहन्छु।

नगरसभाका सचिवज्यू, सम्पुर्ण नगरसभाका सदस्यज्यूहरु,

१. यस नगरपालिकामा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान रकम तथा नगरपालिकाको आन्तरिक श्रोतबाट संकलन हुने राजस्व बापत प्राप्त हुने अनुमानित रकमको आधारमा विकासलाई समावेशी र विषयक्षेत्रगत सन्तुलन कायम राख्ने गरी आगामी आ.व.मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु।

२. सर्वप्रथम यस नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतका रुपमा रहेको सिफारिस दस्तूर, व्यवसाय दर्ता तथा नविकरण शूल्क, घरनक्सा पास दस्तूर सहितको आ.व. २०८३/०८४ को लागि कूल रु. ३४ करोड ६ लाख २० हजार आन्तरिक आय हुने अनुमान गरेको छु।

३. संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ संघीय सरकारबाट रु. १६ करोड ३७ लाख, राजस्व वाडँफाडबाट रु. १२ करोड ४१ लाख ९१ हजार तथा सशर्त अनुदान मार्फत् रु. ३८ करोड ८० लाख प्राप्त भएको छ।त्यस्तै समपुरक अनुदान मार्फत् संघीय सरकारबाट रु. ५५ लाख र विशेष अनुदान मार्फत् योजना बैंकमा बहुवर्षीय खानेपानी योजना अन्तर्गत रु. ३ करोड विनियोजन भएकोमा यस आर्थिक वर्षमा १ करोड ५० लाख प्राप्त भएको छ।

४. बागमती प्रदेश सरकारबाट वित्तीय समानीकरण मार्फत् रु. १ करोड ४९ लाख ९७ हजार, सशर्त अनुदान मार्फत् रु. ३ करोड ५१ लाख २५ हजार प्राप्त भएको छ । त्यस्तै विशेष अनुदान मार्फत् रु. ७० लाख प्राप्त भएको छ।

५. सवारी साधनको राजस्व बाँडफाँटबाट रु. ८ करोड २२ लाख ८५ हजार ५ सय र घरजग्गा रजिष्ट्रेशनबाट रु. ८६ करोड ३६ लाख २६ हजार ५ सय प्राप्त हुने अनुमान गरेको छु।

## बजेटका उद्देश्य तथा प्राथमिकताहरु

बजेटले लिने उद्देश्य तथा प्राथमिकताका विषयमा प्रत्येक स्थानीय सरकारको स्थानीय सन्दर्भ फरक फरक हुने भएकाले राष्ट्रिय तथा प्रादेशिक बजेटको उद्देश्य तथा प्राथमिकताकालाई अवलम्बन गर्दै यस आर्थिक वर्षको बजेटमा चाँगुनारायण नगरपालिकाको उद्देश्य तथा प्राथमिकता देहाय बमोजिम तोकिएको छ।

### उद्देश्य

- रोजगारी सिर्जना र गरिबी निवारण
- सुशासन प्रवर्द्धन
- दिगो विकास
- सरल र सहज सार्वजनिक सेवा प्रवाह
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन।

### प्राथमिकताहरु

- उद्यमशिलता विकास तथा उद्यम प्रवर्द्धन
- पारदर्शिता, जबाफदेहिता र उत्तरदायी शासन सञ्चालन
- पूर्वाधार विकास
- व्यवहारिक तथा रोजगारमूलक शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा
- एकीकृत तथा घुम्ती सेवा।

**आदरणीय नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्षमा चाँगुनारायण नगरपालिकामा सञ्चालन हुने मुख्य मुख्य योजना तथा कार्यक्रमहरुका लागि देहाय बमोजिमको बजेटको व्यवस्था मिलाएको छु।

१. वडा अन्तर्गतबाट सञ्चलन हुने गरि योजना कार्यान्वयनका लागि प्रत्येक वडा कार्यालयहरूलाई रु. २ करोड गरि जम्मा १८ करोड साथै कार्यपालिका सदस्यहरू मार्फत योजना छनौट गर्न रु. १ करोड ५० लाख रकम विनियोजन गरिएको छ। जसबाट बस्ती तथा टोलस्तरबाट योजना छनौट भई नागरिकको प्रत्यक्ष सहभागितामा समावेशी बजेट निर्माण गर्ने लक्ष्य राखिएको छ।

२. आर्थिक विकास तथा मानव जीवनको अपरिहार्य क्षेत्र कृषिमा आधारित रोजगार प्रबर्द्धन गरी कृषि पेशालाई सम्मानजनक बनाउन तथा आधुनिकीकरण एवं व्यवसायीकरणका लागि कूल आवश्यक बजेट विनियोजन गरेको छु।

३. उद्यमीहरुलाई प्रोत्साहनका लागि घरेलु एवं स्थानीय उत्पादनको प्रबर्द्धन र बजारीकरणलाई प्राथमिकतामा राखि प्याकेजिङ्ग, लेबलिङ्ग लगायतका अन्य प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । उद्यमी सिर्जनाका लागि महिला लक्षित तथा मागमा आधारित उद्यम विकास कार्यक्रमका लागि १ करोड २५ लाख रकम विनियोजन गरेको छु।

४. पशु विकासका लागि पशु स्वास्थ्य आहार, नश्ल सुधार, सामुदायिक सेवा कार्यक्रम, फर्म तथा व्यवसाय सुदृढीकरण तथा पशु जाँच प्रयोगशाला स्थापनाका आवश्यक बजेट व्यवस्था गरेको छु।

५. नगरपालिका भित्रका माध्यामिक विद्यालयको शैक्षिक गुणस्तर बढाई विद्यार्थी भर्ना दर बढाउन माध्यामिक विद्यालयको स्कुल बस सञ्चालन र व्यवस्थापनका लागि ८४ लाख रकम विनियोजन गरेको छु।

६. चाँगुनारायण नगर अस्पताल तथा स्वास्थ्य चौकीबाट गुणस्तरीय सेवा एवं पर्याप्त मात्रामा औषधी र आवश्यक उपचार सेवाको व्यवस्थापन तथा उच्च प्रविधियुक्त गुणस्तरीय मेशिन खरिद तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

७. पूर्वाधार विकास क्षेत्र तर्फ ठूला सडक यातायातका योजनालाई निरन्तरता दिई अन्य मागमा आधारित योजना सञ्चालन तथा कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८. नगर गौरवको आयोजना माधव नारायण मार्ग निर्माण योजनाको विस्तृत अध्ययन प्रतिबेदन अनुसार संघीय सरकारको सहकार्यमा समपुरक अनुदान अन्तर्गत बहुवर्षीय योजना कार्यान्वयन गर्न रकम रु. ७ करोड विनियोजन गरेको छु।

९. उज्यालो चाँगुनारायण निर्माणका लागि नगरभित्रका विभिन्न सडकमा विद्युतको व्यवस्था, बन्द रहेका सडक वत्तिहरु सञ्चालन तथा अव्यवस्थित बिजुली पोल तार व्यवस्थापन तथा सडक बत्ती महसूल भुक्तानीका लागि रकम रु. १ करोड वजेट विनियोजन गरेको छु।

१०. प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद्जन्य क्षतिलाई न्यूनीकरण गर्दै सम्भावित स्थानहरुमा बाँध निर्माण, आगलागी, बाढी, पहिरो लगायत आकस्मिक रुपमा आइपर्ने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा रु. २ करोड विनियोजन गरेको छु।

११. योग नगर घोषणा भएको सन्दर्भमा यसको कार्यान्वयन गरि नमूना योग शहर बनाउन आवश्यक रकम विनियोजन गरेको छु।

१२. राज्यले अंगिकार गरेको सार्बजनिक निजी साझेदारीको अवधारणालाई स्थानीय तहले कार्यान्वयनमा ल्याई सार्थकता दिन संस्था साझेदारी शिर्षकमा रकम रु. ५० लाख विनियोजन गरेको छु।

१३. नगर भित्र बस्ने नयाँ बस्तीहरु तथा समय समयमा माग भई आउने विकास निर्माणका कार्यहरु बस्ती तथा टोलहरुको प्रत्यक्ष सहमागिता र साझेदारीमा योजना कार्यान्वयन गर्न ६०/४० शिर्षकमा रकम रु. १ करोड विनियोजन गरेको छु।

१४. अन्य प्रशासनिक तथा कार्यालय सञ्चालन तर्फ ३५ करोड रकम विनियोजन गरेकोछु।

आगामी आ.व. को लागि कूल बजेट रु. २ अर्व ४ करोड ४५ हजार रुपैंयाको बजेट पेश गरेको छु।

श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र नगरबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ। अतः म यसै बजेट वक्तव्य मार्फत चाँगुनारायण नगरपालिकाका समस्त करदाताहरुमा समयमै तोकिएको कर तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

समग्र नगरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडी वढाउँदै तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न सबै पक्षबाट यथोचित सहयोग हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु। प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलहरु, आम सञ्चार जगत, नागरिक समाज, नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत समग्र कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। चाँगुनारायणको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, बागमती प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु प्रति चाँगुनारायण नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तररुपमा सहयोग प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु।

धन्यवाद !

रमेश वुढाथोकी
उप प्रमुख, चाँगुनारायण नगरपालिका